# धितोपत्र बजारका लगानीकर्ता दिपेन्द्र अग्रवालले सेयर खरिद बिक्री गर्न उक्साउने उद्देश्यले झुट्ठा भ्रामक विवरण सम्प्रेषण गर्ने तथा पूर्व अनुमान बनाउने काम गरे/नगरेको र धितोपत्र बजारलाई प्रभावित पारे/नपारेको सम्बन्धी प्रारम्भिक जाँचबुझ प्रतिवेदन, २०८२ ।

**प्रतिवेदन प्रस्तुतकर्ताः** रुपेश के.सी., प्रारम्भिक जाँचबुझ अधिकृत तथा का.मु. कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड ।

**विषयः** धितोपत्र बजारका लगानीकर्ता दिपेन्द्र अग्रवालले सेयर खरिद बिक्री गर्न उक्साउने उद्देश्यले झुट्ठा भ्रामक विवरण सम्प्रेषण गर्ने तथा पूर्व अनुमान बनाउने काम गरे/नगरेको र धितोपत्र बजारलाई प्रभावित पारे/नपारेको सम्बन्धी प्रारम्भिक जाँचबुझ प्रतिवेदन, २०८२ ।

**१. प्रारम्भिक जाँचबुझ गरिएको कसूरको प्रकृति तथा विषय सम्बन्धी विस्तृत विवरण**

क) धितोपत्र बजारलाई प्रभावित पारेको सम्बन्धीः लगानीकर्ता दिपेन्द्र अग्रवालले जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. को शेयर खरिद गर्न उक्साउने उद्देश्यले झुठा वा भ्रामक विवरण सम्प्रेषण गर्ने, पूर्वानुमान बनाउने काम गरेको हुन सक्ने देखिएको हुँदा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९७ को खण्ड (ग) को व्यवस्था विपरित कार्य सम्बन्धी कसुरको जाँचबुझ गर्ने ।

ख) झुक्याउने विवरण दिएको सम्बन्धी र वास्तविक धनी पहिचान गर्ने सम्बन्धी : धितोपत्र दलाल व्यवसायी सिप्ला सेक्युरिटिज लि. ले शेयर कारोबारबाट प्राप्त गर्नुपर्ने रकम भुक्तानी नगरेकोले रकम उपलब्ध गराइ कारवाही गरी पाउँ भनी दिपेन्द्र अग्रवालले बोर्डमा उजुरी दर्ता गरेकोमा उक्त विषय बोर्डले थप जाँचबुझ गर्दा दिपेन्द्र अग्रवालले विभिन्न व्यक्तिहरुको TMS खाता अनाधिकृत रुपमा प्रयोग गरी अनाधिकृत कारोबार गरेको हुन सक्ने देखिएको हुँदा धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा ९६ बमोजिम धितोपत्र बजारलाई प्रभावित पार्ने कसुर साथै सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७क. को उपदफा (४) को खण्ड (घ) र (ङ), उपदफा (६) र दफा ७ग. बमोजिम ग्राहकको पहिचान गर्नुपर्ने व्यवस्थाको उल्लंघन हुनसक्ने सम्बन्धी कसुरको जाँचबुझ गर्ने ।

**२. प्रारम्भिक जाँचबुझ गर्ने सम्बन्धी निर्णय**

धितोपत्र बजारका लगानीकर्ता दिपेन्द्र अग्रवालले सेयर खरिद बिक्री गर्न उक्साउने उद्देश्यले झुट्ठा भ्रामक विवरण सम्प्रेषण गर्ने तथा पूर्व अनुमान बनाउने काम गरेको हुनसक्ने र धितोपत्र बजारलाई प्रभावित पारेको हुनसक्ने सम्बन्धमा प्रारम्भिक जाँचबुझ गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ बमोजिम श्रीमान् अध्यक्षज्यूबाट मिति २०८१।०३।०९ को निर्णय अनुसार प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको ।

**३. प्रारम्भिक जाँचबुझ अधिकृतको नाम र पद**

रुपेश के.सी., का.मु. कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

**४.कसूरको सम्बन्धमा धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्था**

- **धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४, ९६, ९७, १०१, १०२ र १०३ मा देहायको व्यवस्था रहेका छः**

**दफा ९४. झुठो कारोबारः** यस ऐनको प्रयोजनको लागि देहाय बमोजिमको कुनै कारोबार गरिएमा त्यस्तो कारोबारलाई कृत्रिम वा झुठो कारोबार गरेको मानिनेछ :-

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धितोपत्र खरिद वा बिक्री भएको भए तापनि वास्तविक स्वामित्वमा फरक नपर्ने भएमा,

(ख) अर्कोले खरिद वा बिक्री गर्न प्रस्ताव गरेको मूल्य थाहा पाई सोहीसंग मिल्ने गरी खरिद वा बिक्री गर्ने प्रस्ताव गरेको भएमा ।

**दफा ९६. धितोपत्र बजारलाई प्रभावित पारेमाः** कसैले धितोपत्र कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न आफैले वा अरुसंग मिली देहायका कुनै काम गरेमा धितोपत्र बजारलाई प्रभावित गरेको मानिनेछः-

(क) कसैलाई धितोपत्र किन्न वा बेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्य बढाउने,

(ख) कसैलाई धितोपत्र किन्न वा बेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्य घटाउने,

(ग) कसैलाई धितोपत्र किन्न वा बेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्यलाई स्थिर बनाउने ।

**दफा ९७. झुक्याउने विवरणहरु दिनेः** कसैले कसैलाई धितोपत्र खरिद बिक्री गर्न उक्साउने उद्देश्यले देहायका काम गरेमा झुक्याउने काम गरेको मानिनेछः-

(क) झुठो, भ्रामक वा गलत हो भनी जानीजानी कुनै विवरण वा पूर्व अनुमान सम्बन्धी विवरण बनाउने वा प्रकाशित गर्ने,

(ख) बदनीयत साथ कुनै तथ्य वा जानकारी लुकाउने,

(ग) वदनीयत साथ झुठा वा भ्रामक विवरण, प्रतिज्ञा वा पूर्व अनुमान बनाउने वा प्रकाशित गर्ने ।

**दफा १०१. दण्ड सजायः**

(२) दफा ९४, ९५ र ९६ बमोजिमको कुनै काम गर्नेलाई पचास हजार रुपैया देखि एकलाख पचास हजार रुपैंयासम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र त्यस्तो काम कारबाहीबाट कसैलाई हानी नोक्सानी पर्न गएको रहेछ भने त्यस्तो हानी नोक्सानी समेत भराई दिनु पर्नेछ ।

(३) दफा ९७,९८,९९ र १०० बमोजिमको कुनै काम गर्नेलाई एकलाख रुपैंयादेखि तीनलाख रुपैंयासम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र त्यस्तो कारोबारबाट कसैलाई हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी समेत भराई दिनु पर्नेछ।

(४) कसैले जानीजानी वा वदनीयतसाथ यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने हिसाब किताब, खाता, विवरण,प्रतिवेदन, सूचना, जानकारी वा यस्तै अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा पेश नगरेमा, नराखेमा वा नबनाएमा वा तयार नगरेमा वा झुठ्ठा विवरण वा कागजात बनाएमा वा राखेमा, तयार गरेमा त्यस्तो गर्नेलाइ बोर्डले पचास हजार रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) कसैले जानी-जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम वा यस ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको बर्खिलाप काम गरी कुनै संगठित संस्था, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा लगानीकर्तालाई हानी नोक्सानी गरे गराएमा बोर्डले त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँदेखि एकलाख पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ। त्यस्तो काम कारबाहीबाट कसैलाई कुनै हानी नोक्सानी पुग्न गएको भए सो बापत बोर्डले वास्तविक हानी नोक्सानको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ।

(६) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई धितोपत्र निष्काशन गरेमा, धितोपत्र बजार वा धितोपत्र व्यवसायीको हैसियतले धितोपत्र कारोबार संचालन गरे गराएमा त्यस्तो काम गर्ने गराउने व्यक्तिलाई बोर्डले पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएका कुनै आदेश वा निर्देशन वा बोर्डले तोकिदिएका शर्तहरुको उल्लंघन गरेमा वा आफूले गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा त्यस्तो व्यक्तिलाई बोर्डले पच्चीस हजार रुपैयाँदेखि पचहत्तर हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

**१०२. नेपाल सरकार वादी हुनेः** दफा ९१,९४,९५,९६,९७,९८,९९ र १०० मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ।

**१०३. प्रारम्भिक जाँचवुझ गर्नेः**

(१) कसैले दफा ९१,९४,९५,९६,९७, ९८,९९ वा १०० बमोजिमको कसूर गरेको छ भनी कसैको उजूरी बोर्ड वा यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने निकायमा परेमा वा त्यस्तो कसूर सम्बन्धी जानकारी कुनै व्यहोराले बोर्डमा प्राप्त भएमा वा त्यस्तो कसुर भएको छ भन्ने लागेमा

अध्यक्षले तत्काल बोर्डको अधिकृतस्तरको कर्मचारी मार्फत त्यस्तो उजुरीको प्रारम्भिक जाँचवुझ गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकृतले उजुरीको प्रारम्भिक जाँचवुझ गर्दा कसुरसंग सम्बन्धित व्यक्ति वा संस्थासंग सोधपुछ गर्न, आवश्यक कागज, विवरण तथा अभिलेख माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात तीस दिनभित्र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुसन्धानको लागि उजुरी सहित मिसिल कागजात पठाउँदा बोर्डको तर्फबाट अनुसन्धानमा समन्वय तथा सहयोग गर्नको लागि बोर्डको कुनै अधिकृतको नाम समेत खुलाई पठाउन सकिनेछ ।

**१०३ क. अनुसन्धान गरी मुद्दा दायर गर्ने :**

(१) दफा १०३ बमोजिम अनुसन्धानको लागि उजुरी सहित मिसिल कागजात प्राप्त भएमा वा आफुलाई प्राप्त उजुरी वा जानकारीको सम्बन्धमा प्रारम्भिक जाँचवुझको लागि बोर्डमा पठाइएकोमा बोर्डबाट दफा १०३ को उपदफा (३) बमोजिमको अवधिभित्र कुनै निर्णय नभएमा त्यस्तो उजुरीको सम्बन्धमा समेत प्रहरी प्रधान कार्यालयले कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकि कसुरको अनुसन्धान गराउनु पर्नेछ । त्यसरी अनुन्धान गर्दा बोर्डसंग आवश्यक समन्वय गर्न तथा सहयोग लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भएमा अनुसन्धानको काम पूरा भएको पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

- **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७क. को उपदफा (४) को खण्ड (घ) र (ङ), उपदफा (६), दफा ७ग. तथा दफा ७फ. मा देहायको व्यवस्था रहेको :**

...

(४) सूचक संस्थाले आफ्ना ग्राहकको सही रुपमा पहिचान तथा सोको सम्पुष्टि गर्न देहाय बमोजिमका उपाय अपनाउनुपर्नेछ:

...



आर्थिक सरोकार नेपालको डिजिटल आर्थिक पत्रिका www.arthasarokar.com

(घ) अन्य व्यक्तिको तर्फबाट व्यवसायिक सम्बन्ध स्थापना वा कारोवार गर्ने भए जसका तर्फबाट त्यस्तो सम्बन्ध वा कारोवार गर्न खोजिएको हो निज तथा निजको तर्फबाट काम गर्ने व्यक्तिको पहिचान तथा सम्पुष्टि गर्ने र अख्तियारनामा सहितको कागजात लिने,

(ङ) यस परिच्छेद बमोजिमको दायित्व पूरा गर्न ग्राहक, कारोवार वा व्यवसायको प्रकार तथा प्रकृतिका सम्बन्धमा आवश्यक अन्य सूचना तथा जानकारी लिने,

...

(६) यस परिच्छेद बमोजिम आफ्नो ग्राहकको सही पहिचान तथा पहिचानको सम्पुष्टि गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सूचक संस्थाको हुनेछ।

**७ग. वास्तविक धनीको पहिचान गर्नु पर्ने**

(१) सूचक संस्थाले व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्नको लागि आवश्यक मनासिव उपायहरू अपनाउनु पर्नेछ।

(२) सूचक संस्थाले कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार सम्बन्धी काम कारबाही गरे वा नगरेको सम्बन्धमा यकिन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम यकिन गर्दा कुनै व्यक्तिले अर्को व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गरेको देखिएमा सूचक संस्थाले त्यस्तो व्यक्तिको पहिचान तथा सोको सम्पुष्टि सम्बन्धमा दफा ७क को उपदफा (४) को खण्ड (घ) बमोजिम उपाय अपनाउनु पर्नेछ।

**७फ. सूचक संस्थालाई कारबाही गर्न सक्ने**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दफा ७प को उपदफा (२) बमोजिम दिएको आदेश वा निर्देशन वा जारी गरेको मापदण्ड पालना गर्ने सूचक संस्थालाई नियमनकारी निकायले देहाय बमोजिमको कुनै वा सबै कारबाही तथा सजाय गर्न सक्नेछ:

(क) लिखित रूपमा सचेत गराउने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको निर्देशिका वा दिएको आदेश वा निर्देशनको उल्लङ्घन गरेमा सोको गाम्भीर्यका आधारमा क्यासिनो व्यवसायी तथा वित्तीय संस्थालाई दश लाखदेखि पाँच करोड रूपैयाँसम्म र अन्य सूचक संस्थालाई एक लाख देखि एक करोड रूपैयाँसम्म जरिवाना गर्ने,

(ग) कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने,

(घ) अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने, वा

(ङ) अनुमतिपत्र, इजाजतपत्र वा दर्ता खारेज गर्ने।

www.arthasarokar.com

(२) सूचक संस्थालाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिएको निर्देशन वा आदेशको उल्लङ्घनका सम्बन्धमा सजाय गर्न उपदफा (१) मा उल्लिखित सजाय पर्याप्त नहुने देखिएमा नियमनकारी निकायले प्रचलित कानून बमोजिमको उपयुक्त सजाय गर्न सक्नेछ ।

(३) नियमनकारी निकायले सूचक संस्थालाई उपदफा (१) वा (२) बमोजिम सजाय गर्दा त्यस्तो सजाय प्रभावकारी, अनुपातिक तथा निरोधात्मक हुने गरी गर्नु पर्नेछ ।

(४) नियमनकारी निकायले सूचक संस्थालाई यस दफा बमोजिम कारबाही वा सजाय गरेमा र त्यस्तो सजाय सूचक संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सूचक संस्थाले प्रचलित कानून तथा त्यस्तो सूचक संस्थाको कानून बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ ।

(५) नियमनकारी निकायले यस दफा बमोजिम सूचक संस्थालाई कारबाही तथा सजाय गर्दा सम्बन्धित सूचक संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) नियमनकारी निकायले यस दफा बमोजिम गरेको कारबाही वा सजायमा चित्त नबुझ्ने सूचक संस्थाले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

- **धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३० र ३१ मा देहायको व्यवस्था रहेको :**

३०. बैंक मार्फत रकम लेनदेन गर्नु पर्नेः धितोपत्र दलालले ग्राहकसँग धितोपत्र सम्बन्धी कारोबार गर्दा बैंक मार्फत मात्र रकम लेनदेन गर्नु पर्नेछ ।

३१. ग्राहकको रकम तथा कागजातको प्रयोगः

(१) धितोपत्र दलालले कुनै ग्राहकको रकम, धितोपत्र तथा कागजात आफ्नो लागि वा अन्य ग्राहकको लागि प्रयोग गर्न पाउने छैन ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबार गरेपछि प्राप्त गरेको रकम, धितोपत्र वा कागजात त्यसरी प्राप्त गरेकै दिन वा भोलिपल्टसम्म सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।

(३) धितोपत्र दलालले प्रत्येक ग्राहकको धितोपत्र कारोबार संग सम्बन्धित प्रमाणपत्र तथा रकमको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

- **धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम २० र २५ मा देहायको व्यवस्था रहेको :**

२०. बैंक मार्फत कारोबार गर्नुपर्नेः

(१) धितोपत्रको कारोबार गर्दा वा गराउँदा कारोबारमा संलग्न सबैले बैंक मार्फत मात्र रकम लिनेदिने गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबारका लागि सम्बन्धित धितोपत्र बजार वा राफसाफ गर्ने संस्थाले तोकिदिएको बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिंदा वा दिंदा एकाउण्टपेयी चेक मार्फत वा खाताबाट खातामा भुक्तानी हुने गरी गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलालले कारोबारका लागि प्रयोग गर्ने खाता कारोबारसँग सम्बन्धित प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइनेछैन ।

२५. कारोबारको राफसाफ:

(१) धितोपत्र बजारमा कारोबार गर्ने ग्राहकले आफूले गरेको कारोबारको राफसाफ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राफसाफको लागि सम्बन्धित ग्राहकसँग लिनु वा दिनुपर्ने धितोपत्र वा रकमको सम्बन्धमा धितोपत्र दलालले आवश्यक व्यवस्था गरी निर्धारित समय भित्र राफसाफ हुने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्धारित समय धितोपत्र वा रकम बुझाई कारोबार राफसाफ गर्न नसकेको अवस्थामा धितोपत्र बजारले त्यस्तो व्यवसायीलाई तत्काल कारोबार गर्न रोक लगाउनु पर्नेछ ।

- **धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम ७, ८ र १९ मा देहायको व्यवस्था रहेको :**

७. आदेश लिनु पर्ने :

(१) कारोबार सदस्यले ग्राहकको लागि धितोपत्रको कारोबार गर्नुपूर्व धितोपत्रको कारोबारका गर्न चाहने ग्राकहबाट अनुसूची-१ बमोजिमकोविवरण खुल्ने गरी खरिद वा बिक्रीको आदेश लिनुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको आदेश टेलिफोन, मोबाइल फोन, इमेल लगायत अन्य विद्युतीय माध्यमहरूबाट समेत प्राप्त गर्न सकिनेछ ।

(३) इन्टरनेटमा आधारित अनलाइन कारोबार प्रणालीको उपयोग गरी लगानीकर्ताले आदेश प्रविष्ट गरेमा त्यस्तो प्रविष्टिलाई ग्राहकको आदेश मानिनेछ ।

(४) कारोबार सदस्यले यस विनियम बमोजिम प्राप्त गरेका खरिद वा बिक्री आदेशको अभिलेख राख्नु पर्नेछ ।

७. अग्रीम रकम लिनुपर्ने :

(१) कारोबार सदस्यले खरिद आदेश प्राप्त गर्दा सो आदेश कार्यान्वयन हुँदा कायम हुने अनुमानित रकमको कम्तीमा पच्चीस प्रतिशत रकम सम्बन्धित आदेश दिने ग्राहकबाट अग्रिम रूपमा लिनु पर्नेछ ।

नेपालको डिजिटल आर्थिक पत्रिका
www.arthasarokar

(२) उपविनियम (१) बमोजिम लिएको रकम कारोबार सदस्यले अन्य ग्राहकको कारोवारको फर्छ्यौट गर्नमा प्रयोग गर्न पाउने छैन ।

(३) कारोबार सदस्यले उपविनियम (१) बमोजिम अग्रिम रूपमा लिएको रकमको हिसाब स्पष्टसंग राख्नु पर्नेछ ।

१९. कारोवारको सूचना दिनुपर्ने :

(१) नेप्सेको कारोवार प्रणालीमा खरिद वा बिक्री आदेश बमोजिम कारोवार सम्पन्न भएको जानकारी कारोबार सदस्यले तत्काल उपयुक्त माध्यम मार्फत सम्बन्धित पक्षलाई सूचना दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिइने जानकारीमा अनुसूची-२ बमोजिमको विवरण समावेश भएको हुनुपर्नेछ ।

- धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १७ मा देहायको व्यवस्था रहेको:

१७. राफसाफ सदस्यले बिक्री रकम दिनु पर्ने:

(१) राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र वापतको खरिद मुल्य, सो मा लाग्ने बोर्ड दस्तुर, नेप्से कमिशन, राफसाफ सदस्यको कमिशन आदि ग्राहकबाट लिनु पर्नेछ ।

(२) उपविनियम (१) अनुसार रकम प्राप्त गरे पश्चात्सो को निस्सा ग्राहकलाई दिनु पर्नेछ ।

(३) राफसाफ सदस्यले ग्राहकबाट अग्रीम रकम प्राप्त गरेको भए सो समेत खुलाई निस्सा जारी गर्नु पर्नेछ ।

**५. प्रारम्भिक जाँचबुझ गर्नुपर्ने विषय सम्बन्धमा संक्षिप्त विवरण**

जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि.ले हाल कायम रहेको सेयरको १:०.६५ अनुपातमा हकप्रद सेयर निष्काशन पश्चात् फेरि १:२ को अनुपातमा हकप्रद सेयर जारी गर्ने तथा ५३ मेगावाटको हाइड्रपावर किन्ने सम्बन्धमा कुनै निर्णय गरेको नदेखिएको सन्दर्भमा दिपेन्द्र अग्रवालले अन्य लगानीकर्तालाई उक्त कम्पनीको सेयर खरिद गर्न उक्साउने उद्देश्यले बदनियत साथ झुट्ठा तथा भ्रामक विवरण सम्प्रेषण गर्ने, पूर्व अनुमान बनाउने काम गरी झुक्याउने काम गरेको । साथै, निजले जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लि. को शेयरहरु औषत रु २७५।७४ मा खरिद गरी औषत रु ३४२।८५ मूल्यमा ७३,३०७ कित्ता शेयरहरु खरिद बिक्री गरेको पाईएको । प्रति कित्ता रु ६७.११ मुनाफा देखिएको उक्त कारोबारबाट निजले रु. ४९,१९,८६५.९० कुल मुनाफा आर्जन गरेको । यसरी, सेयर खरिद गर्न उक्साउने उद्देश्यले बदनियत साथ झुट्ठा तथा भ्रामक विवरण सम्प्रेषण गर्ने, पूर्व अनुमान बनाउने काम गरी निजले झुक्याउन गरेको उक्त कार्य धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९७ को खण्ड (ग) को व्यवस्था विपरित गरेको देखिएकोले उक्त विषयमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को व्यवस्था बमोजिम प्रारम्भिक जाँचबुझ गर्नुपर्ने देखिएको ।

धितोपत्र दलाल व्यवसायी सिप्ला सेक्युरिटिज (प्रा.) लि. ले शेयर लगानीकर्ता दिपेन्द्र अग्रवाललाई शेयर बिक्री बापतको रकम भुक्तानी नदिएको गुनासोको सम्बन्धमा निज अग्रवालले बोर्डमा निवेदन साथ पेश गरेको कागजात तथा विवरण हेर्दा निज दिपेन्द अग्रावालले अन्य धेरै व्यक्तिहरुको नामबाट समेत शेयर कारोबार गर्दै आएको उल्लेख गरेको । साथै उक्त गुनासोको सम्बन्धमा बोर्डले सम्बन्धित धितोपत्र दलाल व्यवसायी सिप्ला सेक्युरिटिजसँग आवश्यक विवरण तथा जानकारी माग गरेकोमा उक्त कम्पनीले बोर्डमा पेश गरेको जवाफ तथा विवरणमा समेत लगानीकर्ता दिपेन्द्र अग्रवालले अन्य थप व्यक्तिहरुको नाममा समेत कारोबार गर्दै आएको विवरण खुल्न आएको । यसरी धेरै व्यक्तिहरुको नाममा धितोपत्र कारोवार गर्दा लगानीकर्ता दिपेन्द्र अग्रवाल तथा धितोपत्र दलाल व्यवसायी सिप्ला सेक्युरिटिज (प्रा.) लि. बीच धितोपत्र कारोबारको लिनुदिनुपर्ने हिसाव लामो समयसम्म फरफारक नहुँदा समस्या आई बोर्डमा गुनासो गरेको प्राप्त प्रारम्भिक विवरणहरुबाट बुझिएको सन्दर्भमा त्यस्तो कारोवार धितोपत्र कारोवार सम्बन्धी कसुरका साथै सम्पत्ति शुद्धिकरण सम्बन्धी कसुर समेत भएको हुनसक्ने पृष्ठभूमिमा यस विषयमा थप अनुसन्धान गर्न उपयुक्त हुने देखिएको ।

**६. आरोपित व्यक्तिको नाम, थर, वतन, उमेर, पेशा, बाजे, बाबु, आमा तथा पत्नीको नाम र अन्य विवरण**

नामः दिपेन्द्र<br>
थरः अग्रवाल<br>
उमेरः ४१ वर्ष<br>
नागरिकता नं.: ४९६५३ (मिति २०५७०२।१२ मा मोरङ्ग जिल्लाबाट जारी भएको)<br>
जन्म स्थानः प्रदेश नं.१, मोरङ्ग जिल्ला, साविक विराटनगर उपमहानगरपालिका वडा नं.९, हाल विराटनगर महानगरपालिका, वडा नं. ७<br>
हालको ठेगानाः प्रदेश नं.१, मोरङ्ग जिल्ला, साविक विराटनगर उपमहानगरपालिका वडा नं.९, हाल विराटनगर महानगरपालिका, वडा नं. ७<br>
पेशाः व्यापारी<br>
बाजेको नामः राम प्रताप अग्रवाल<br>
बुबाको नामः जय प्रकाश अग्रवाल<br>
आमाको नामः कुसुम देवी अग्रवाल<br>
पत्नीको नामः<br>
छाराको नामः अथर्व अग्रवाल

## ७. प्रारम्भिक जाँचबुझ गर्नुपर्ने विषय सम्बन्धी सूचना तथा जानकारीहरुको संकलन

प्रारम्भिक जाँचबुझ गर्नुपर्ने विषय सम्बन्धी सूचना तथा जानकारीहरुको संकलनको विवराण तालिका १ मा प्रस्तुत गरिएको छ:

तालिका १

| क.सं. | कागजातहरु | प्राप्त विवरण र अवस्था |
|---|---|---|
| १. | धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ बमोजिम श्रीमान् अध्यक्षज्यूबाट मिति २०८१।०३।०९ को निर्णय अनुसार प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको मिति २०८१।०३।१० को पत्र प्राप्त भएको । साथै सोहि पत्रसँगै तपशिल बमोजिमको २ थान टिप्पणी र सोसँग संलग्न कागजातहरु प्राप्त भएको ।<br>क) धितोपत्र बजारका लगानीकर्ता दिपेन्द्र अग्रवालले सेयर खरिद बिक्री गर्न उक्साउने उद्देश्यले झुट्टा भ्रामक विवरण सम्प्रेषण गर्ने तथा पूर्व अनुमान बनाउने काम गरेको सम्बन्धी प्रारम्भिक जाँचबुझ गर्ने सम्बन्धमा विषयको धितोपत्र कारोबार सुपरिवेक्षण शाखाको मिति २०८१।०२।३० को टिप्पणी र सोसँग सम्बन्धित कागजातहरु<br>ख) अध्ययन गर्ने सम्बन्धमा विषयको धितोपत्र दलाल व्यवसायी तथा व्यापारी शाखाको मिति २०८१।०२।२७ को टिप्पणी र सोसँग सम्बन्धित कागजातहरु | मिति २०८१।०३।१० मा प्राप्त भएको । |
| २. | मिति २०८१।०३।१६ मा बोर्डले श्री सिप्ला सेक्यूरिटिज लिमिटेडसँग सविता अग्रवाल, दिपेन्द्र अग्रवाल, ज्योती अग्रवाल, जय प्रकाश अग्रवाल, मिता मुरारका अग्रवाल, रेशु अग्रवाल, कुसुम देवी अग्रवाल, एस मल्टिप्रपोज कम्पनी, नरेन्द्र कुमार अग्रवाल, आहान मुरारका अग्रवाल, राम सिंह साउद, मनकुमारी गुरुङ, विरेन्द्र बहादुर साउद, गोल्डम्यान ईन्भेष्टमेन्ट, सीमा कुमारी अग्रवालको ग्राहक परिचय विवरण-Know Your Customer, KYC विवरण, नागरिकताको प्रतिलिपि लगायतका कागजातहरु माग गरिएको | २०८१।०३।१६ मा बोर्डमा विवरण पेश गरेको । |
| ३ | मिति २०८१।०३।१८ मा बोर्डले नेपाल स्टक एक्सचेञ्ज लि.सँग सविता अग्रवाल, दिपेन्द्र अग्रवाल, ज्योती अग्रवाल, जय प्रकाश अग्रवाल, मिता मुरारका अग्रवाल, रेशु अग्रवाल, कुसुम देवी अग्रवाल, नरेन्द्र कुमार अग्रवाल, आहान मुरारका अग्रवाल, राम सिंह साउद, मनकुमारी गुरुङ, | २०८१।०३।२४ मा बोर्डमा उपरोक्त व्यक्ति तथा संस्थाको कारोवारको विवरण प्राप्त भएको, IP |

| | | |
|---|---|---|
| | विरेन्द्र बहादुर साउद, सीमा कुमारी अग्रवाल, एस मल्टिप्रपोज कम्पनी र गोल्डम्यान ईन्भेष्टमेन्टको मिति २०७७।०४।०१ देखि हालसम्म गरेको धितोपत्र कारोबारहरुको विवरण साथै उक्त व्यक्तिहरुले कारोबार गर्दा प्रयोग भएको IP Address / MAC ID सम्बन्धी सम्पूर्ण विवरणहरु माग गरिएको | Address / MAC ID सम्बन्धी विवरण प्राप्त नभएको । |
| ४ | मिति २०८१।०३।१८ मा बोर्डले श्री नेपाल प्रहरी प्रधान कार्यालय साइबर व्यूरोसँग https://www.facebook.com/lovelymaharaaja र https://www.facebook.com/dipendraagrawaal लिङ्क कसको हो र उक्त फेसबुक प्रयोगको लागि कुन मोबाईल नम्बर वा ईमेल ठेगाना उपयोग भएको हो सो सम्बन्धी विवरण उपलब्ध गराईदिनुहुन र पत्रसँग संलग्न गरी पठाएको पोष्टहरु उक्त फेसबुक एकाउन्टबाट मिति २०२१ डिसेम्बर २८, २०२४ फेब्रुअरी १४ र २०२४ मे २० मा पोष्ट भएको हो/होइन सो सम्बन्धी जानकारी माग गरिएको । | मिति २०८१।०५।२१ मा बोर्डमा विवरण प्राप्त भएको । |
| ५ | मिति २०८१।०४।०६ मा बोर्डले सिप्ला सेक्युरिटिज लि. सँग सविता अग्रवाल, दिपेन्द्र अग्रवाल, ज्योती अग्रवाल, जय प्रकाश अग्रवाल, मिता मुररका अग्रवाल, रेशु अग्रवाल, कुसुम देवी अग्रवाल, नरेन्द्र कुमार अग्रवाल, आहान मुरारका अग्रवाल, राम सिंह साउद, मनकुमारी गुरुङ, विरेन्द्र बहादुर साउद, सीमा कुमारी अग्रवाल, एस मल्टिप्रपोज कम्पनी र गोल्डम्यान ईन्भेष्टमेन्टको मिति २०७७।०४।०१ देखि हालसम्म गरेको धितोपत्र कारोबारहरुको विवरण साथै उक्त व्यक्तिहरुले कारोबार गर्दा प्रयोग भएको IP Address / MAC ID सम्बन्धी सम्पूर्ण विवरणहरु माग गरिएको । | २०८१।०४।१३ मा ईमेल मार्फत बोर्डमा विवरण पेश गरेको । |
| ६ | मिति २०८१।०४।२९ मा बोर्डले श्रीकृष्ण सेक्युरिटिज लि.सँग सविता अग्रवाल, ज्योती अग्रवाल, मिता मुरारका अग्रवाल, मन कुमारी गुरुङ्गको मिति २०८१।०३।०२ देखि हालसम्म धितोपत्र कारोबार गर्दा प्रयोग भएको IP Address सम्बन्धी सम्पूर्ण विवरणहरु माग गरिएको । | मिति २०८१।०४।३२ र २०८१।०५।०९ मा बोर्डमा विवरण पेश गरेको । |
| ७ | मिति २०८१।०४।२९ मा बोर्डले सुमेरु सेक्युरिटिज प्रा. लि.सँग जय प्रकाश अग्रवाल, ज्योती अग्रवाल, रेशु अग्रवाल, सविता अग्रवालको मिति २०८१।०३।०२ देखि हालसम्म धितोपत्र कारोबार गर्दा प्रयोग भएको IP Address सम्बन्धी सम्पूर्ण विवरणहरु माग गरिएको । | मिति २०८१।०५।२० मा बोर्डमा विवरण पेश गरेको । |

| | | |
|---|---|---|
| ८ | मिति २०८१।०४।२९ मा बोर्डले ब्लु चिप सेक्यूरिटिज लि.सँग नरेन्द्र कुमार अग्रवालको मिति २०८१।०३।०२ देखि हालसम्म धितोपत्र कारोबार गर्दा प्रयोग भएको IP Address सम्बन्धी सम्पूर्ण विवरणहरु माग गरिएको । | मिति २०८१।०५।०५ मा बोर्डमा विवरण पेश गरेको । |
| ९ | मिति २०८१।०४।२९ मा बोर्डले सिप्ला सेक्यूरिटीज (प्रा.) लि.सँग राम सिंह साउदको मिति २०८१।०३।०२ देखि हालसम्म धितोपत्र कारोबार गर्दा प्रयोग भएको IP Address सम्बन्धी सम्पूर्ण विवरणहरु माग गरिएको । | मिति २०८१।०५।०७ मा बोर्डमा विवरण पेश गरेको । |
| १० | मिति २०८१।०५।१२ मा श्री नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोसँग सविता अग्रवाल, ज्योती अग्रवाल र मिता मुरारका अग्रवालले धितोपत्रको खरिद विक्री सम्बन्धी आदेश दिने क्रममा प्रयोग भएको IP Address कुन प्रयोगकर्ताबाट प्रयोग भएको हो सो लगायतका विवरणको जानकारी माग गरिएको । | यस सम्बन्धमा हालसम्म कुनै विवरण प्राप्त नभएको । |
| ११ | बोर्डको गुनासो व्यवस्थापन शाखाबाट दिपेन्द्र अग्रवालले बोर्डमा पेश गरेको उजुरी साथै अर्थमन्त्रालय मार्फत आएको उजुरीसम्बन्धी कागजातको प्रतिलिपिहरु | २०८१।०८।२७ मा प्राप्त भएको । |
| १२ | मिति २०८१।१०।०२ मा नेपाल स्टक एक्सचेन्ज लि.सँग दिपेन्द्र अग्रवालले जोशी हाइड्रोपावर डेभलपमेन्ट लि. (JOSHI) को मिति २०७९।०४।०१ देखि गरेको कारोवारको प्रमाणित विवरण माग गरिएको | २०८१।१०।१० मा प्राप्त भएको । |
| १३ | मिति २०८१।१२।०७ मा नेपाल स्टक एक्सचेन्ज लि.सँग दिपेन्द्र अग्रवाल र निजसँग सम्बन्धित व्यक्ति तथा कम्पनीहरु (सविता अग्रवाल, ज्योति अग्रवाल, जय प्रकाश अग्रवाल, मिता मुरारका अग्रवाल, रेशु अग्रवाल, कुसुम देवी अग्रवाल, एस मल्टिप्रपोज कम्पनी, नरेन्द्र कुमार अग्रवार र आहान मुरारका अग्रवाल) को बीचमा शेयर कारोवार भएको भए सोको विवरण माग गरिएको । | नेपाल स्टक एक्सचेन्ज लि.बाट मिति २०८१।१२।२२ मा विवरण प्राप्त भएको । |
| १४ | मिति २०८२।०१।१७ मा धितोपत्र दलाल व्यवसायी साउथ एशियन बुल्स प्रा.लि.सँग रेषु अग्रवालको ग्राहक परिचय विवरण, नागरिकताको प्रतिलिपि तथा निजको मिति २०७७।०४।०१ देखि हालसम्मको कारोवारहरुको प्रमाणित विवरण माग गरिएको । | २०८२।०१।१९ मा प्राप्त भएको । |
| १५ | मिति २०८२।०३।१८ मा धितोपत्र दलाल व्यवसायी सिप्ला सेक्युरिटिज प्रा.लि.सँग उक्त संस्थाको ग्लोबल आइएमइ बैंक लि.मा रहेको खाताको | मिति २०८२।०३।१९ मा प्राप्त भएको । |

| | | |
|---|---|---|
| | मिति २०८१।०३।१३ देखि २०८१।०३।२० सम्मको बैंक खाताको विवरण (Bank Statement) माग गरिएको । | |
| १६ | मिति २०८२।०३।२३ मा दिपेन्द्र अग्रवाल र ज्योति अग्रवालको ग्लोबल आइएमइ बैंक लि.मा निजहरुको नाममा कुनै खाता खोलिएको भए उक्त खाताको मिति २०८१।०३।१३ देखि २०८१।०३।२० सम्मको बैंक खाताको विवरण (Bank Statement) माग गरिएको । | मिति २०८२।०३।२५ मा प्राप्त भएको । |

## ८. प्रारम्भिक जाँचबुझको क्रममा प्राप्त विवरण, कागजात तथा कारोवारबाट प्राप्त तथ्यको विश्लेषण:

- धितोपत्र बजारका लगानीकर्ता दिपेन्द्र अग्रवालले बजारलाई प्रभावित पार्ने किसिमले मिति २०८०।११।०२ मा “आज साथीहरुलाई Promise गरे बमोजिम म के गर्दैछु भन्न गईरहेको छ । आज मैले आफ्नो सम्पूर्ण फाइनेन्स, PPL तथा RFPL बेचेर JOSHI किन्ने निर्णय गरेको छ । के जोशी १००० सम्म पुग्छ ?” भनी आफ्नो फेसबुक पेजमा उल्लेख गरेको विषयमा बोर्डमा ईमेल मार्फत् गुनासो प्राप्त भएको । त्यसैगरी निजले “JOSHI को ६५% राइट आउँदैछ । JOSHI ले ६५% राइट पछि १:२ राइट फेरी जारी गर्नेछ । केही समाचार अनुसार JOSHI ले ५३ मेगावाटको हाइड्रपावर किन्दैछ त्यसैले यो स्क्रिप्ट छिटै रु. १००० पुग्नेछ तसर्थ आफ्नो पुरै पोर्टफोलियो JOSHI मा सिफ्ट गर्दा सानो समयमा धेरै फाइदा हुने देख्दछु । धन्यवाद!” भनी फेसबुक मार्फत् सूचना सम्प्रेषण गरेको देखियो । उक्त विषयमा आधिकारीक जानकारी लिनको लागि मिति २०८१।०३।१८ मा बोर्डले श्री नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोसँग https://www.facebook.com/lovelymaharaaja र https://www.facebook.com/dipendraagrawaal लिङ्क कसको हो र उक्त फेसबुक प्रयोगको लागि कुन मोबाईल नम्बर वा ईमेल ठेगाना उपयोग भएको हो सो सम्बन्धी विवरण उपलब्ध गराईदिनुहुन र पत्रसँग संलग्न गरी पठाएको पोष्टहरु उक्त फेसबुक एकाउन्टबाट मिति २०२१ डिसेम्बर २८, २०२४ फेब्रुअरी १४ र २०२४ मे २० मा पोष्ट भएको हो/होइन सो सम्बन्धी जानकारी माग गरिएकोमा उक्त https://www.facebook.com/lovelymaharaaja को Creator: Dipendra Agrawal (100002438912743) रहेको तथा उक्त फेसबुकमा रजिष्टर भएको Email Address: sukanthabandhu1@gmail.com, deependra.deependra@facebook.com र sukantha.bandhu@gmail.com साथै NTC. को मोबाईल नम्बर: +9779851172255 देखिएकोमा उक्त मोबाईल नम्बरको अदालति अनुमति लिई सेवा प्रदायकबाट प्राप्त विवरण अनुसार; जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. ०९ बस्ने जय प्रकाश अग्रावलको छोरा दिपेन्द्र अग्रवाल (नागरिकता नम्बर: ४९६५३) को नाममा दर्ता रहेको देखिएको विवरण प्राप्त भएको । यसबाट समेत निजले सञ्चालन गर्ने फेसबुक आईडिबाट नै उक्त सूचना सम्प्रेषण गरेको देखिन्छ । संगठित संस्था जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि.बाट मिति २०८०।११।११ मा बोर्डमा पेश गरेको जानकारी अनुसार उक्त संस्थाको संचालक, कार्यकारी प्रमुख, व्यवस्थापन, लेखापरिक्षकसँग

दिपेन्द्र अग्रवालको कुनै सम्बन्ध भएको एकिन गर्ने आधार नदेखिएको । उक्त संस्थाले हाल कायम रहेको सेयरको १:०.६५ अनुपातमा हकप्रद सेयर निष्काशनको लागि बोर्डमा निवेदन दिएको । त्यस बाहेक फेरि १:२ को अनुपातमा हकप्रद सेयर जारी गर्ने तथा ५३ मेगावाटको हाइड्रोपावर किन्ने सम्बन्धमा कुनै निर्णय भएको नदेखिएको । जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि.ले हाल कायम रहेको सेयरको १:०.६५ अनुपातमा हकप्रद सेयर निष्काशन पश्चात् फेरि १:२ को अनुपातमा हकप्रद सेयर जारी गर्ने तथा ५३ मेगावाटको हाइड्रोपावर किन्ने सम्बन्धमा कुनै निर्णय गरेको नदेखिएको सन्दर्भमा निजले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९७ को खण्ड (ग) बमोजिम अन्य लगानीकर्तालाई उक्त कम्पनीको सेयर खरिद गर्न उक्साउने उद्देश्यले बदनियत साथ झुट्टा तथा भ्रामक विवरण सम्प्रेषण गर्ने, पूर्व अनुमान बनाउने काम गरी झुक्याउने काम गरेको देखिएको ।

- उक्त भ्रामक कुराहरु सार्वजनिक गर्नुपूर्व गरेको शेयर कारोबारहरुबाट दिपेन्द्र अग्रवालले जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लि.को शेयरहरु खरिद गरी संकलन गरेको, भ्रामक कुराहरु सार्वजनिक गरेपछि बजार बढेको र उक्त शेयरहरु बढी मूल्यमा विक्री गरेको देखिएको । उक्त विषयवस्तुहरुलाई तलको रेखाचित्र चार्ट-१ मा प्रस्तुत गरिएको छ । सो अवधिमा निजले जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लि. को शेयरहरु औषत रु २७५।७४ मा खरिद गरी औषत रु ३४२।८५ मूल्यमा ७३,३०७ कित्ता शेयरहरु खरिद विक्री गरेको पाईएको । प्रति कित्ता रु ६७.११ मुनाफा देखिएको उक्त कारोबारबाट निजले रु. ४९,१९,८६५.९० (अक्षरेपी उनन्पचास लाख उन्नाईस हजार आठ सय पैसट्ठी रुपैयाँ र पैसा नब्बे मात्र) कुल मुनाफा आर्जन गरेको देखिएको ।

अर्थ सरोकार
नेपालको डिजिटल आर्थिक पत्रिका | www.arthasarokar.com




**चार्ट-१ : जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. को दैनिक अन्तिम बजार मूल्य (रेखा चित्र) र जम्मा सेयर कारोवार सूचकांकको प्रवृति**

*(२०२४।०१।१० देखि २०२४।०३।०५ सम्म)*

- यसअघि समेत निजको सम्बन्धमा गोर्खाज फाइनान्स लि.को शेयर मूल्यमा प्रतिकुल प्रभाव पार्ने कार्य भएको विषयमा विभिन्न अनलाईन मिडिया समाचार प्रकाशित भएको तथा सोसम्बन्धी उजुरी (दर्ता नं. ३३०५ दर्ता मिति २०७८।०६।१३) बोर्डमा दर्ता भएको । दिपेन्द्र अग्रवालले Dipendra Agrawal Share Bazar Facebook live page (https://www.facebook.com/dipendraagrawaal/videos/267101445409835) (जुन Clubhouse मा भएको कुराकानीको पुन सम्प्रेशित गरेको Audio/video हो) मार्फत मिति २०२१।१२।२८ मा गोर्खाज फाइनान्स लि.को शेयर खरिद गर्न सुझाव दिएको र सो लगत्तै मिति २०२२।०१।०२ मा निजले १४,६४२ कित्ता विक्री गरेको देखिएको ।

अर्थसरोकार
www.arthasarokar.com
नेपालको डिजिटल आर्थिक पत्रिका

- त्यसैगरी, निजले "Today circuit is confirmed in pfl as the range is opened" भनी मिति २०८१।०२।०७ मा पोखरा फाइनान्स लि.को शेयरको बारेमा पूर्वानुमान बनाउने कार्य गरेको व्यहोरा निजले आफ्नो फेसबुक मार्फत प्रेषित् गरेको देखिएको ।
- यसरी निजले कम्पनी नै तोकेर शेयरको खरिद विक्री गर्नको लागि पटक पटक उक्साउने गरेको देखिन्छ ।

**धितोपत्र बजारका लगानीकर्ता दिपेन्द्र अग्रवालले सिप्ला सेक्यूरिटीज (प्रा.) लि. विरुद्ध गरेको उजुरीको विषयसँग सम्बन्धित कागजातहरुबाट प्राप्त तथ्यको विश्लेषण:**

- दिपेन्द्र अग्रवालले मिति २०८१।०२।०१ मा बोर्डमा दर्ता गरेको उजुरीमा उल्लेखित व्यक्ति/संस्थाहरुको नाममा लिनुदिनुपर्ने रकमको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २

| क.सं | नाम | दिनुपर्ने रकम (रु.) | लिनुपर्ने रकम (रु.) |
|---|---|---|---|
| १. | सविता अग्रवाल | ८५,६८७,९०७.१४ | |
| २. | दिपेन्द्र अग्रवाल | | ४८३,३९८,७०७.४१ |
| ३. | ज्योती अग्रवाल | ३६९,५६४,०६०.३४ | |
| ४. | जय प्रकाश अग्रवाल | ४२६४६३१४.११ | |
| ५. | मिता मुरारका अग्रवाल | ३९,२७५,६६७.०० | |
| ६. | रेशु अग्रवाल | | १०३,७१०,४७७.४६ |
| ७. | कुसुम देवी अग्रवाल | | १,०४०,०००.०० |
| ८. | एस मल्टिप्रपोज कम्पनी | १४०,५६०.७१ | |
| ९. | नरेन्द्र कुमार अग्रवाल | | २४,२००,४२५.८० |
| १०. | आहान मुरारका अग्रवाल | | ३,७८४,५६५.४९ |

उक्त विवरणबाट निजले सिप्ला सेक्यूरिटीज (प्रा.) लि.बाट लिनुपर्ने रु ७,८८,१९,६६६.८६ र निजले उक्त रकममा ३,००,००,०००.०० ब्याज समेत गरी कुल रकम रु १०,८८,१९,६६६.८६ लिनुपर्ने माग गरेको ।

- सिप्ला सेक्युरिटिज (प्रा.) लि.ले मिति २०८१।०२।२७ मा पेश गरेको पत्रमा दिपेन्द्र अग्रवालले पेश गरेको लेजरमा जम्मा १० जनाको कारोबारको रकम देखाएता पनि निज निवेदकले उक्त प्रा.लि. को TMS System बाट अन्य विभिन्न व्यक्तिको नामबाट कारोबार गरि आएको र सो कारोबारको रकम तिर्ने बुझाउने र दावी गर्दै आएको व्यहोरा उल्लेख गरेको । निज दिपेन्द्र अग्रवालले पेश गरको विवरणमा उल्लेख गरेको र सिप्ला

www.arthasarokar.com

सेक्युरिटिज (प्रा.) लि. ले उल्लेख गरेका व्यक्ति/संस्थाहरुको सबैको KYC विवरण र लिनुबुझाउनुपर्ने रकमको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३

| क्र.सं | नाम | लिनुपर्ने रकम (रु.) | दिनुपर्ने रकम (रु.) |
|---|---|---|---|
| १. | सविता अग्रवाल | ८५,६८७,९०७.१४ | |
| २. | दिपेन्द्र अग्रवाल | | ३३३,३९८,७०७.४१ |
| ३. | ज्योती अग्रवाल | २२९,५६४,०६०.३४ | |
| ४. | जय प्रकाश अग्रवाल | ४२,६४६,३१४.११ | |
| ५. | मिता मुरारका अग्रवाल | ३९,२७५,६६७.६५ | |
| ६. | रेशु अग्रवाल | | १०३,७१०,४७७.४६ |
| ७. | कुसुम देवी अग्रवाल | | १,०४०,०००.०० |
| ८. | एस मल्टिप्रपोज कम्पनी | १४०,५६०.७१ | |
| ९. | नरेन्द्र कुमार अग्रवाल | | २४,२००,४२५.८० |
| १०. | आहान मुरारका अग्रवाल | | ३,७८४,५६५.४९ |
| ११. | राम सिंह साउद | ३९,४००,३९१.८६ | |
| १२. | मनकुमारी गुरुङ | १३,३९८,८३७.५३ | |
| १३. | विरेन्द्र बहादुर साउद | ७७,७८८.९९ | |
| १४. | गोल्डम्यान ईन्भेष्टमेन्ट | ९३,२६२.३९ | |
| १५. | सीमा कुमारी अग्रवाल | ८,४१४,९७५.४९ | |

सिप्ला सेक्युरिटिज (प्रा.) लि.ले पेश गरेको विवरण अनुसार माथि उल्लेखित १५ जना व्यक्तिहरुसँगको कारोबारबाट एकमुष्ठ रु. ७,४३४,४०९.९५ दिनुपर्ने देखिएको ।

आरोपित दिपेन्द्र अग्रवाल र सिप्ला सेक्युरिटिज (प्रा.) लि. दुबैले पेश गरेको विवरणबाट उनीहरुबीचमा एकमुष्ट रकम लिने दिने गरेको, कारोबारको हिसाव मिलान एकमुष्ट गर्ने गरेको आधार देखिन्छ र यसबाट सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७क. को उपदफा (४) को खण्ड (घ) मा उल्लेख भए बमोजिम आरोपित दिपेन्द्र अग्रवालले अन्य व्यक्तिको तर्फबाट व्यवसायिक सम्बन्ध स्थापना गरेको र सो को जानकारी धितोपत्र दलाल व्यवसायी सिप्ला सेक्युरिटिज (प्रा.) लि.लाई समेत भएको तर उक्त संस्थाले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७क. को उपदफा (४) को

नेपालको डिजिटल आर्थिक पत्रिका | www.arthasarokar.c

खण्ड (घ) बमोजिम ग्राहकको पहिचान तथा सम्पृष्टि गरेको नदेखिएको जसबाट धितोपत्र सम्बन्धी कसूर हुन गएको भन्न सकिने देखिन्छ ।

- सिप्ला सेक्युरिटिज (प्रा.) लि.बाट प्राप्त तालिका ३ मा उल्लेखित व्यक्तिहरुको कारोवार खाता (Ledger) को विवरण विश्लेषण गर्दा विभिन्न व्यक्तिहरुबीच रकम उक्त Ledger खाताबाट समायोजनका (Adjustment) लागि रकमान्तर गर्ने गरिएको जसको विस्तृत विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४

| मिति (वि.सं.) | रकम निकालिएको खाता (Debit भएको) | रकम राखिएको खाता (Credit भएको) | रकम (रु.) | रकमान्तर सम्बन्धी खातामा उल्लेखित संक्षिप्त विवरण |
|---|---|---|---|---|
| २०७७१०२३ | जय प्रकाश अग्रवाल | सविता अग्रवाल | १३,८८,३४८।८२ | AMOUNT TRF FROM JAY PRAKASH AGRAWAL |
| २०७७१२०६ | जय प्रकाश अग्रवाल | सविता अग्रवाल | २,३९,३४५।०१ | amount trf from sabita agrawal to jay prakash agrawal |
| २०७८।०४।१७ | सविता अग्रवाल (TMS Client ID: 2020124207) | मिता मुरारका अग्रवाल | २,२२,७७,१२९।५५ | Being Amount transferred from Shreya Ac to Seema Ac |
| २०७८।०४।१७ | सविता अग्रवाल (TMS Client ID: 2020124207) | दिपेन्द्र अग्रवाल (TMS Client ID: 2020124211) | ५०,६१,४३,५०८।६६ | Being amount transfer for adjustment |
| २०७९।०३।३१ | दिपेन्द्र अग्रवाल (TMS Client ID: 2020124211) | सविता अग्रवाल (TMS Client ID: 2020124207) | ५०,६१,४३,५०८।६६. | RECTIFICATION ENTRY FROM DIPENDRA TO SABITA |
| २०७८।०४।१७ | सविता अग्रवाल (TMS Client ID: 2020124207) | ज्योति अग्रवाल | ४३,३९,३३,०२८।२५ | BEING AMT TRANSFER FOR ADJ. |
| २०७९।०३।३१ | ज्योति अग्रवाल | सविता अग्रवाल (TMS Client ID: 2020124207) | ४३,३९,३३,०२८।२५ | RECTIFICATION ENTRY |
| २०७८।०४।१७ | रेशु अग्रवाल<br>नरेन्द्र कुमार अग्रवाल | सविता अग्रवाल (TMS Client ID: 2020124207) | १०,६०,८६,५१८।३९ | Being amount trf. for adj. |
| २०७९।०३।३१ | | सविता अग्रवाल (TMS Client ID: 2020124207) | १०,६०,८६,५१८।३९ | RECTIFICATION ENTRY |
| २०७८।०४।१७ | सविता अग्रवाल (TMS Client ID: 2020124207) | जय प्रकाश अग्रवाल (TMS Client ID: 2020124206) | ७,५१,५४,८१२।३१ | Being amount transfer for adjustment |
| २०७९।०३।३१ | जय प्रकाश अग्रवाल ( TMS Client ID: | सविता अग्रवाल (TMS Client ID: | ७,५१,५४,८१२।३१ | RECTIFICATION ENTRY FROM JAY PRAKASH TO |

| | | | | |
|---|---|---|---|---|
| | 2020124206) | 2020124207) | | SABITA |
| २०७८।०९।०९ | आहान मुरारका | सीमा कुमारी अग्रवाल | ४१,१३७०७ | amount trf from ahaan murarka to seema kumari Agrawal |

माथि उल्लेखित तालिका २, ३ र ४ को विश्लेषण गर्दा बोर्डमा उजुरी दिदा दिपेन्द्र अग्रवालले एकमुष्ट हिसाव मिलान गर्न उल्लेखित व्यक्तिहरुको नाम, सिप्ला सेक्युरिटिज (प्रा.) लि.ले मिति २०८१।०२।२७ मा पेश गरेको पत्रमा दिपेन्द्र अग्रवालले अन्य विभिन्न व्यक्ति (१५ जना) को नामबाट कारोबार गरि आएको भनी तोकेको तालिका ३ मा उल्लेखित नामहरु बीचमा विभिन्न रकमहरु (तालिका ४ मा उल्लेख गरेअनुसार) रकमान्तर भएको तथा कारोवार समायोजन भएको देखिन्छ ।

यसरी तालिका १ र २ मा उल्लेखित विभिन्न व्यक्तिहरुबीच भएको कारोवारमा एक अर्काबीच शेयर खरिद बिक्री भएतापनि वास्तविक स्वामित्व फरक पर्न नगएको भन्ने सकिने आधारहरु देखिएको छ ।

त्यस्तै, सिप्ला सेक्युरिटिज (प्रा.) लि.ले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) को व्यवस्था विपरित कुनै ग्राहकको रकम अन्य ग्राहकको लागि प्रयोग गरेको देखिएको ।

- बोर्डबाट नेप्से, सिप्ला सेक्युरिटिज प्रा.लि.सँग माग गरेको विवरण तथा बोर्डमा भएको Nepal Stock Exchange Surveillance Management System मा जाँचबुझ गर्ने क्रममा देखिएको तथ्य अनुसार तालिका १ र २ मा उल्लेखित व्यक्तिहरुबीच एउटै धितोपत्र खरिद बिक्री गरेको सम्बन्धी विस्तृत विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५

| मिति | धितोपत्र | खरिदकर्ता | बिक्रीकर्ता | संख्या | रकम | कन्ट्रयाक्ट नं. | धितोपत्र दलाल व्यवसायी |
|---|---|---|---|---|---|---|---|
| २०७७।०९।२० | NICL | दिपेन्द्र अग्रवाल | रेशु अग्रवाल | ३४ | २०,९१० | 2021010401028945 | साउथ एशियन बुल्स प्रा.लि |
| २०७८।०३।३० | GUFL | ज्योति अग्रवाल | दिपेन्द्र अग्रवाल | ६९,६२४ | ८,१६,६८,९५२ | 2021071403006972 | सिप्ला सेक्युरिटिज प्रा.लि. |
| | | ज्योति अग्रवाल | नरेन्द्र कुमार अग्रवाल | ११,९०८ | १,३९,६८,०८४ | 2021071403007020 | |
| | | ज्योति अग्रवाल | रेशु अग्रवाल | ५६,६४६ | ६,६४,४५,७५८ | 2021071403007109 | |
| २०७८।०३।३० | GUFL | ज्योति अग्रवाल | सविता अग्रवाल | १२,६२९ | १,४९,०२,२२० | 2021071403012283 | श्रीकृष्ण सेक्युरिटिज लि. |
| | | ज्योति अग्रवाल | मिता मुरारका अग्रवाल | ७६,५७२ | ९,०३,५४,९६० | 2021071403012571 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७८।०३।३० | EICPO | जय प्रकाश अग्रवाल | दिपेन्द्र अग्रवाल | ७,०१३ | ३३,८७२७९ | 2021071401003433 | सिप्ला सेक्युरिटिज प्रा.लि. |
| २०७८।०३।३० | GFCL | जय प्रकाश अग्रवाल | दिपेन्द्र अग्रवाल | २३,७३३ | १,६१,८५,९०६ | 2021071403006689 | सिप्ला सेक्युरिटिज प्रा.लि. |
| २०७८।०३।३१ | GFCL | जय प्रकाश अग्रवाल | दिपेन्द्र अग्रवाल | ४६,५०९ | ३,१२,०७,५३९ | 2021071503003877 | सिप्ला सेक्युरिटिज प्रा.लि. |
| २०७८।०३।३१ | PFL | जय प्रकाश अग्रवाल | दिपेन्द्र अग्रवाल | ६१,५३३ | ४,०४,८८,७१४ | 2021071503004002 | सिप्ला सेक्युरिटिज प्रा.लि. |
| २०७८।०३।३१ | GUFL | ज्योति अग्रवाल | दिपेन्द्र अग्रवाल | १,००,००० | ११,९७,००,००० | 2021071503004411 | सिप्ला सेक्युरिटिज प्रा.लि. |
| | | ज्योति अग्रवाल | दिपेन्द्र अग्रवाल | ४७,४२२ | ५,७७,५९,९९६ | 2021071403004736 | |
